दर्ता नं. २८०/०६२/०६३ “अपनाउ पद्धति सहकारी, ... गरीबि र बेरोजगारी” फोन नं.: ०१५५४७७७७

# प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

# Pratibha Saving & Credit Co-Operative Ltd.

लगनखेल, ललितपुर

(सहकारी ऐन २०४८ अनुसार स्थापित)

---

पत्र सं.०७५/७६
च.नं ७८ मिति:-२०७५।०५।२६

श्री सदस्यज्यूहरु

***विषय : बाहौं वार्षिक साधारण सभा सम्बन्धमा ।***

यस संस्थाको मिति २०७५।०५।०२ गते बसेको संयुक्त बैठकको निर्णय अनुसार निम्न विषयहरु उपर छलफल तथा निर्णय लिनको लागि तपसिलको मिति, समय र स्थानमा **बाहौं वार्षिक साधारण सभा** बस्ने भएकोले अनिबार्य उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**साधारण सभा मिति, समय र स्थान**

मिति :- २०७५ मङसिर ०८ गते शनिवार
समय :- विहान १०:०० बजे
स्थान :- साझा पार्टी प्यालेस, लगनखेल

**साधारण सभामा छलफलका विषयहरु ।**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
२) लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
३) संस्थाका कोषाध्यक्षबाट आ.व.२०७४।०७५ को आर्थिक प्रतिवेदन प्रस्तुत र आ.व.२०७५।०७६ को लागि अनुमानित बजेट प्रस्तुत तथा पारित गर्ने सम्बन्धमा ।
४) आ.व.२०७४।०७५ को लेखापरिक्षण प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्वन्धमा ।
५) आ.व.२०७४।०७५ को लाभांस घोषणा गर्ने सम्बन्धमा ।
६) आ.व.२०७५।०७६ को लागि लेखापरिक्षक नियुक्ति र पारिश्रमिक तोक्ने सम्वन्धमा ।
७) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न १२ जना प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।
८) विनियम संशोधन गर्ने सम्बन्धमा ।
९) संस्थाको आन्तरिक कार्यविधि तथा निर्देशिकाहरु पारित गर्ने सम्बन्धमा ।
१०) विविध ।

**पुनश्च** :-

- १२औं वार्षिक साधारण सभाको अवसरमा स्मारिका प्रकाशन गर्न लागिएको हुँदा तपाई सदस्यहरुबाट लेख रचनाहरु २०७५ कार्तिक १५ गते भित्र संस्थामा उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ ।
- सामुदायिक विद्यालयबाट २०७४ सालको SEE परीक्षामा उर्त्तिण हुने १ जना छात्र र १ जना छात्रालाई **संस्थापक अध्यक्ष रामहरी बजगाई अक्षय कोष** मार्फत छात्रवृत्ति वितरण गरिने भएकोले लाब्धांक पत्रको प्रतिलिपि सहित २०७५ कार्तिक ३० गते भित्र फारम बुझाउनुहुन अनुरोध गरिन्छ ।
- परिचय पत्र लिन बाँकी सदस्यहरुले नागरिकताको प्रतिलिपि र २ प्रति अटो साईजको फोटो सहित २०७५ कार्तिक ३० गते भित्र संस्थामा बुझाई परिचय पत्र लिनुहुन अनुरोध गरिन्छ ।
- साधारण सभामा परिचय पत्र सहित स्वयं उपस्थित हुने शेयर सदस्यहरुलाई मात्र परिवहन खर्च वापत रु.५००।- प्रदान गरिनेछ ।
- थप जानकारीको लागी **www. pratibha.coop.np** मा हेर्नुहोला ।

बलबहादुर (घिमिरे)
सचिव

---

“नियमित रुपमा बचत गर्ने बानी बसालौं”

# प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२औं वार्षिक साधारण सभामा

## सञ्चालक समितिका तर्फबाट अध्यक्षको प्रतिवेदन-२०७५

प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२औं वार्षिक साधारण सभाको महत्वपूर्ण र गरिमामय अवसरमा हाम्रो निमन्त्रणालाई हृदय देखि स्वीकार गरी पाल्नुभएका आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू, अतिथिज्यूहरू, पत्रकारज्यूहरू तथा संस्थाको साधारण सभा सम्पन्न गर्न सहभागी हुनुभएका सम्पूर्ण सेयर सदस्य महानुभावमा प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड सञ्चालक समितिका तर्फबाट हार्दिक न्यानो सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

यस संस्थाका सदस्य नं. १५४८ का भूलमाई भारतीको मिति २०७४/११/२२ गते र सदस्य नं. ६१५ का दीपेन्द्र तिमल्सिनाको मिति २०७५/०६/२७ गते असामयिक निधन भएकोमा उहाँहरूको दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

सन् १८४४ मा बेलायतबाट सुरु भएको सहकारी अभियान आजसम्म आइपुग्दा विश्वव्यापी रूपमा फैलिएको छ । सयुक्त राष्ट्रसंघले सन् २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्षका रूपमा विश्वभर मनाएपछि सहकारी क्षेत्रलाई अन्तर्राष्ट्रिय महत्व दिएको छ। विश्वका करिब ६ अर्ब जनसङ्ख्यामध्ये १ अर्बभन्दा बढी सहकारीमा आबद्ध भएको पाइन्छ। विश्व अर्थतन्त्रमा सहकारीको हिस्साको प्रतिशत दोहोरो अङ्कमा पुगेको तथ्याङ्क छ। नेपालको सन्दर्भमा वि.सं. २०१३ सालबाट सुरु भएको सहकारी अभियान हाल आएर सहकारी क्षेत्रबाट मात्रै ३ सय अर्बको कारोबार गरेको पाइन्छ । सहकारी क्षेत्रमा ६५ लाखभन्दा बढी सदस्य छन् । नेपालको वित्तीय कारोबारमा सहकारीको योगदान झन्डै १८ प्रतिशत नाघेको पाइन्छ त्यसैले पनि सहकारीबिना अर्थतन्त्रअघि बढ्न सक्दैन भन्ने मलाई लाग्छ । जनमानसमा सहकारीप्रति आस्था र विश्वास हुनुमा कुनै

द्विविधा नहोला भन्ने लाग्छ ।

'अपनाऔं पद्धति सहकारी, हटाऔं गरिबी र बेरोजगारी' भन्ने मूल नारालाई आत्मसात गर्दै समान उद्देश्य, लगानी र प्रतिफलसाथ विभिन्न व्यवसायमा आबद्ध भएर पनि आफूसँग भएको सानो पुँजीलाई बचत गरी आपसी समस्या समाधान गर्ने र आर्थिक स्तर वृद्धि गर्ने उद्देश्यसाथ अभिप्रेरित भई सेयर सदस्य विस्तार गर्ने लक्ष्यबमोजिम यस गरिमामय साधारण सभामा हालसम्म भएको सेयर सदस्य सङ्ख्या १८०० बाट वृद्धि गरी २२०० पुऱ्याउने लक्ष्य सञ्चालक समितिले लिएको सहर्ष जानकारी गराउन चाहन्छु ।

प्रत्येक सेयर सदस्यको समान सहभागिताका आधारमा स्थापित यस संस्थालाई सहकारी अभियानको बीचमा एक सक्षम सहकारीका रूपमा स्थापित गराउन सकेका छौँ । सदस्यहरूबाट आगामी दिनमा अझ नयाँ प्रयासहरूको अपेक्षा राख्दै हालसम्म पुऱ्याउनुभएको सहयोगप्रति हार्दिक आभार प्रकट गर्दछौँ । आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्ने महान् उद्देश्य प्राप्तिका लागि यस संस्थामा आबद्ध सेयर सदस्यहरूलाई यस साधारण सभामा संस्था तथा मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत गर्दछु । यस संस्थाले गैरराजनीतिक संस्कार, प्रजातान्त्रिक पद्धति र सहकारीको सिद्धान्त र मूल्य मान्यतालाई आफ्नो मूलमन्त्र मान्दै आएको छ । सदस्यहरूको आर्थिक सामाजिक र सांस्कृतिक विकासको निमित्त संस्थाका सञ्चालक समिति र उपसमितिहरू सक्रिय रूपमा अगाडि बढिरहेका छन् ।

आज हाम्रो देश सामाजिक तथा आर्थिक रूपान्तरणको प्रक्रियामा गइरहेको छ । यस्तो अवस्थामा सहकारी अभियानको महत्वपूर्ण भूमिकालाई आत्मसात गरी स्थापना भएको प्रतिभा साकोसले आफ्ना सदस्यहरूबीच गरेको आर्थिक र सामाजिक क्रियाकलाप तथा युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रम तथा लघुवित्त कार्यक्रम सञ्चालन गरेर आफ्ना सदस्यलाई सेवा प्रदान गरिरहेको छ साथै आज यस साधारण सभाको अवसरमा संस्थाले आफ्नो स्थापना काल देखी हाल सम्मका विविध गतिविधिहरु समावेस गरी प्रकाशन हुन गईरहेको स्मारिका आज यस सम्मानित साधारण सभामा विमोचन गर्न गईरहेको जानकारी गराउन चाहन्छु ।

सहकारी ऐन २०७४ लागु भइसकेको परिप्रेक्ष्यमा हामी सबै सहकारीकर्मी खुसी छौँ । अझ केही दफाहरु संस्था सञ्चालन गर्न कठिनाई भएता पनि सुशासनलाई जोड दिएको छ र यसलाई पूर्ण रूपमा यस संस्थाले पालना गरी अघि बढ्दा संस्थाको उत्तरोत्तर प्रगति हुनेछ भन्ने विश्वास लिएको छु ।

संस्थाले चालू आवमा रु.२७ करोड बराबरको कारोबार गरिसकेको जानकारी गराउन चाहन्छु । यतिमै मात्र सन्तुष्टि नलिई सहकारी सञ्चालनमा रहेका चुनौतीलाई अवसरका रूपमा बदल्दै संस्थालाई सम्पूर्ण सेयर सदस्यहरूको सहयोग, सद्भाव र विश्वास मिल्दा संस्था अगाडि बढेर उचाइसम्म पुग्छ भन्ने विश्वास लिएको छु ।

१२औं वार्षिक साधारण सभाको यस अवधिसम्ममा संस्थाले के कसरी कार्य गर्न सकेको छ, ती कार्यको सङ्क्षिप्त विवरण यस सम्मानित सभासमक्ष छोटकरीमा प्रस्तुत गर्न चाहन्छु ।

**१. बैठकहरू**

संस्थालाई अगाडि बढाउन संस्थाको सञ्चालक समिति तथा अन्य उपसमितिको महत्वपूर्ण भूमिका रहन्छ । संस्थाको समिति तथा उपसमितिहरूको औपचारिक बैठक के कति बस्यो, त्यसलाई निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | समिति ⁄ उपसमिति | बैठक संख्या |
|---|---|---|
| १ | सञ्चालक समिति नियमीत तथा संयुक्त | १२ पटक ३ पटक |
| २ | लेखा तथा सुपरिवेक्षण समिति | ५ पटक |
| ३ | ऋण उप समिति | २७ पटक |
| ४ | शिक्षा उप समिति | ४ पटक |
| ५ | महिला उप समिति | २ पटक |
| ६ | युवा उप समिति | २ पटक |
| ७ | अनुगमन तथा मूल्याङकन उप-समिति | ३ पटक |
| ८ | स्वास्थ्य हितकोष उपसमिति | ७ पटक |
| ९ | छात्रवृति वितरण उपसमिति | ३ पटक |

## २. यस संस्थाको कारोबारको एक झलक

सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका लागि ससानो पुँजी संकलन गरी सदस्यहरूको हितमा लगानी गर्दै आएका छौं । १२औं वर्ष पार गरेको अवस्थामा संस्थाले गरेका विभिन्न गतिविधिलाई सम्मानित साधारण सभासमक्ष पारदर्शी ढङ्गले प्रस्तुत गर्नु सञ्चालक समिति र अध्यक्षको कर्तव्य हो । आव २०७४/०७५ सम्ममा संस्थाले गरेका कारोबार तलको तालिकामा प्रस्तुत गरेका छौं :

| क.स. | विवरण | २०७३/०७४ | २०७४/०७५ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १. | शेयर पुँजी | ३२,२२७,९००।०० | ३३,६६९,९००।०० | ४।४८ % |
| २. | बचत संकलन | १४२,७०५,०९२।७३ | १८८,४९३,४९९।०२ | ३२।०८ % |
| ३. | कर्जा लगानी | १३०,३५२,७९१।०० | १६३,२३८,२४१।१० | २५।२२ % |
| ४. | कुल कारोबार | २०७,१३१,०६६।५३ | २६९,०३३,४७३।५५ | २९।८८ % |
| ५. | शेयर सदस्य | १५९१ जना | १७६१ जना | १०।२१ % |

## ३. संस्थाले सदस्यता लिएको तथा प्रतिनिधित्व सम्बन्धमा

**(क)** राष्ट्रिय सहकारी बैंकको सदस्यता,

**(ख)** नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफस्कुन)को सदस्यता,

**(ग)** जिल्ला सहकारी संघको सदस्यता,

**(घ)** जिल्ला बचत तथा ऋण सहकारी संघको सदस्यता ।

## ४. सहकारी अभियानका कार्यक्रममा सहभागी

(क) ६१ औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा २०७४ चैत्र २० गते आयोजित सहकारी प्रभातफेरी कार्यक्रम तथा दीप प्रज्वलन कार्यक्रममा सक्रिय सहभागिता जनाएको छ । साथै सहकारी दिवसको उपलक्ष्यमा आयोजित अन्य कार्यक्रममा पनि सक्रिय सहभागिता जनाएको छ ।

(ख) राष्ट्रिय सहकारी बैंक लि., नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि., जिल्ला सहकारी संघ लि., ललितपुर तथा जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को साधारण सभामा प्रतिनिधिसहित सहभागी भएको ।

(ग) विभिन्न संघसंस्थाद्वारा आयोजित कार्यक्रममा सक्रिय सहभागिता जनाएको ।

## ५. तालिम तथा गोष्ठीमा सहभागिता

(क) राष्ट्रिय सहकारी बैंक लि.द्वारा मिति २०७४ मङ्सिर ३ र ४ गते भएको दुई दिने कार्यक्रममा कर्मचारी उज्ज्वल पोखरेलको सहभागिता रहेको ।

(ख) राष्ट्रिय सहकारी बैंक लि. र ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.द्वारा विभिन्न समयमा आयोजना भएको अन्तरक्रिया कार्यक्रममा कर्मचारी तथा सञ्चालकहरूको सहभागिता रहेको ।

(ग) नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. फिल्ड कार्यालय ललितपुरद्वारा २०७५ जेष्ठ २९ र ३० गते आयोजित Copomis तालिममा कर्मचारी कृष्ण पहरीको सहभागिता रहेको ।

(घ) ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघद्वारा मिति २०७४ फाल्गुन २२ भएको सहकारीमा सरोकारवालाको भूमिका विषयक गोष्ठी तथा २०७५ वैशाख २१ गते भएको सम्पत्ति शुद्धीकरण सम्बन्धी तालिममा कर्मचारी उज्ज्वल पोखरेलको सहभागिता रहेको ।

## ६. आव २०७४/०७५ मा सम्पन्न गरिएका शिक्षा तालिम तथा विविध कार्यक्रम

(क) ६१औं राष्ट्रिय सहकारी दिवसको अवसरमा २०७४ चैत्र १७ गते ललितपुर मंगलबजारमा बृहत् खुला रक्तदान कार्यक्रम गरिएको ।

(ख) २०७४ फाल्गुन २४, २५ र २६ गते काभ्रेको धुलिखेलमा सञ्चालक समिति लेखा तथा सुपरीवेक्षण समिति, विभिन्न उपसमिति तथा कर्मचारी सहभागी भई संस्थाको रणनीतिक योजना तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न गरी आगामी चार वर्षका लागि तयार गरिएको ।

(ग) संस्थाद्वारा आव २०७४/०७५ मा विभिन्न समयमा संस्थाका २७५ जना सदस्यहरुलाई सहकारी अभिमुखीकरण तालिम संस्थाको कार्यालयमा दिएको ।

## ७. युवा स्वरोजगार ब्याज अनुदान वितरण

यस संस्थाबाट पहिलो चरणमा रु.५० लाख सम्झौता भई लगानी भएको युवा स्वरोजगार कर्जाको नियमित रूपमा साँवा र ब्याज भुक्तानी गर्ने निम्न सदस्यलाई ६० प्रतिशत कोषको नियमानुसार ब्याज अनुदान वितरण गरिएको

| क्र.स. | ऋणीको नाम थर | परियोजनाको नाम | ब्याज अनुदान रकम |
|---|---|---|---|
| १. | श्री सुशीला तिमल्सिना | पशुपालन | ११७५३।७६ |
| २. | श्री पार्वती तिमल्सिना दुलाल | ग्याँस पसल | १४११२।५१ |
| ३. | श्री राजेश बस्नेत | फर्निचर व्यवसाय | १३३०७।२२ |
| ४. | श्री वादशाहप्रसाद देव | दूध डेरी | ११२६८।२४ |
| ५. | श्री श्यामसुन्दर तिमल्सिना | पशुपालन | ९७५८।६४ |
| ५. | श्री निरञ्जन तिमल्सिना | पशुपालन | १२१७०।९४ |
| ७. | श्री सरस्वती बजगाईं | दूध डेरी | १२७२३।७८ |
| ८. | श्री सीता बस्नेत | किराना पसल | १४२७०।६१ |
| ९. | श्री गुरुप्रसाद घिमिरे | पशुपालन | ११०८८।२१ |
| १०. | श्री शोभा पौडेल | सिलाइ बुनाइ | ५०५४।४० |
| ११. | श्री गोपिनी घिमिरे | व्यवसाय | ८४९३।८४ |
| १२. | श्री पुष्पराज कोइराला | स्टेसनरी व्यवसाय | १२१७०।४३ |
| १३. | श्री टुक्रप्रसाद तिमल्सिना | पशुपालन | २२७८६।५९ |
| १४. | श्री धुव्र घिमिरे | कुखुरा पालन | २०३३७।५७ |
| १५. | श्री सुनिता हुमागाईं | सिलाइ बुनाइ | १६७५६।८६ |
| १६. | श्री रत्नराज घिमिरे | आधुनिक मिल | १९६८२।७३ |
| १७. | श्री अर्जुनप्रसाद बजगाईं | पशुपालन | २०७०४।७७ |
| १८. | श्री पार्वती तिमल्सिना | व्यवसाय | १८४२३।५४ |
| १९. | श्री पिपलप्रसाद घिमिरे | पशुपालन | २२१२२।०६ |
| २०. | श्री नवीन बजगाईं | पशुपालन | १७६१२।६४ |
| २१. | श्री रीता बन्जारा दुलाल | स्टेसनरी व्यवसाय | १८४०१।६१ |
| २२. | श्री कमलप्रसाद घिमिरे | पशुपालन | १९५८२।७७ |
| २३. | श्री जोकबहादुर मोक्तान | च्याउखेति | २१०२५।०५ |
| २४. | श्री नरेश दाहाल | पशुपालन | ११२४२।२३ |
| | जम्मा | | **३६४,८५१।००** |

## ८. युवा स्वरोजगार कर्जा लगानी

संस्थाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालयसँग दोस्रो चरणमा २०७३ मङ्सिरमा रु. ७५,००,०००।०० (अक्षरेपी पचहत्तर लाख रुपैयाँ मात्र) सम्झौता भए बमोजिम पटक पटक गरि पहिलो, दोस्रो र तेस्रो किस्ता बापत प्राप्त रु. ७५,००,०००।००( अक्षरेपी पचहत्तर लाख रुपैयाँ मात्र) रकम निम्न सदस्यमा लगानी गरेको :

| क्र.स. | ऋणीको नाम थर | परियोजनाको नाम | लगानी रकम |
|---|---|---|---|
| १. | श्री शिवप्रसाद चैलागाईं | दूध डेरी | २००,०००।०० |
| २. | श्री कमला राना | तरकारी खेती | २००,०००।०० |
| ३. | श्री लक्ष्मण बजगाईं | पशुपालन | २००,०००।०० |
| ४. | श्री सम्झना बजगाईं | पशुपालन | २००,०००।०० |
| ५. | श्री सीता घिमिरे तिमल्सिना | पशुपालन | २००,०००।०० |
| ५. | श्री बालकृष्ण बजगाईं | पशुपालन | २००,०००।०० |
| ७. | श्री पार्वती घिमिरे | पशुपालन | २००,०००।०० |
| ८. | श्री चित्रप्रसाद घिमिरे | पशुपालन | २००,०००।०० |
| ९. | श्री प्रदीप बानियाँ | तरकारी खेती | २००,०००।०० |
| १०. | श्री नवराज सुवेदी | खुद्रा पसल | १००,०००।०० |
| ११. | श्री राजकुमार तिमल्सिना | पशुपालन | २००,०००।०० |
| १२. | श्री हीरा बजगाईं | खुद्रा पसल | १५०,०००।०० |
| १३. | श्री पूर्णप्रसाद सञ्जेल | पशुपालन | २००,०००।०० |
| १४. | श्री गोमा बजगाईं | पशुपालन | २००,०००।०० |
| १५. | श्री निर्मला बजगाईं | पशुपालन | २००,०००।०० |
| १६. | श्री अम्बिका घिमिरे | पशुपालन | २००,०००।०० |
| १७. | श्री गीता मगर | सुनचाँदी पसल | २००,०००।०० |
| १८. | श्री राजकुमार मगर | पशुपालन | १५०,०००।०० |
| १९. | श्री रामप्रसाद सञ्जेल | पशुपालन | २००,०००।०० |
| २०. | श्री शान्ति पौडेल | तरकारी खेती | १००,०००।०० |
| २१. | श्री मैयादेवी दाहाल | खुद्रा पसल | २००,०००।०० |
| २२. | श्री अप्सरा दाहाल | पशुपालन | २००,०००।०० |
| २३. | श्री सपना घिमिरे | पशुपालन | २००,०००।०० |
| २४. | श्री राजकुमार बन्जारा | दूध डेरी | २००,०००।०० |
| २५. | श्री आशामाया लावती | कुखुरा पालन | २००,०००।०० |
| २६. | श्री सनोज तामाङ | मोबाइल पसल | २००,०००।०० |
| २७. | श्री होमनाथ सञ्जेल | पशुपालन | २००,०००।०० |
| २८. | श्री लीलाकुमारी घिमिरे | नर्सरी व्यवसाय | २००,०००।०० |
| २९. | श्री निर्मला संजेल | पशुपालन | २००,०००।०० |
| ३०. | श्री रोमकुमारी बजगाई | दूध डेरी | १५०,०००।०० |
| ३१. | श्री सीता मिजार | सिलाइ बुनाइ | १००,०००।०० |
| ३२. | श्री पार्वती तिमल्सिना | व्यवसाय | २००,०००।०० |
| ३३. | श्री प्रकाश बैजू | व्यवसाय | २००,०००।०० |
| ३४. | श्री पवन घिमिरे | दूध डेरी | १५०,०००।०० |
| ३५. | श्री ईश्वरमान महर्जन | व्यवसाय | २००,०००।०० |
| ३६. | श्री ललिता हुमागाईं | व्यवसाय | २००,०००।०० |
| ३७. | श्री उद्धव दाहाल | पशुपालन | २००,०००।०० |
| ३८. | श्री निरञ्जन आचार्य | दूध डेरी | २००,०००।०० |
| ३९. | श्री उर्मिला बजगाईं | व्यवसाय | २००,०००।०० |
| ४०. | श्री गजेन्द्र आचार्य | तरकारी खेती | २००,०००।०० |
| जम्मा लगानी | | | ७५००,०००।०० |

## ९. लघुवित्त विपन्न वर्ग कर्जा लगानी

संस्थाले महिला सदस्यहरूको आर्थिक एवं सामाजिक नेतृत्व विकास तथा चेतनाको स्तर अभिवृद्धि गराउने मुख्य उद्देश्यसाथ सदस्यहरूबीच आफ्नो आर्थिक कारोबार लघुवित्त कार्यक्रम मार्फत सदस्यहरूलाई कर्जा लगानी कार्य १० वटा केन्द्रबाट सेवा प्रदान गर्दै आईरहेको ।

## १०. प्रतिभा सहानुभूति तथा स्वास्थ्य हित कोष

संस्थाका सदस्यहरूलाई सहयोग गर्ने उद्देश्यले **प्रतिभा सहानुभूति तथा स्वास्थ्य हित कोष** संस्थापना गरी उक्त कोषमार्फत काजकिरिया खर्च र स्वास्थ्य उपचार खर्च निम्न सदस्यलाई प्रदान गरिएको छ :

| क्र.स. | नाम थर | सदस्य नं | रकम | रोगको किसिम |
|---|---|---|---|---|
| १. | भुलमाई भारती | १५४८ | १०,०००। | काजकिरिया खर्च |
| २. | दीपेन्द्र तिमल्सिना | ६१५ | १५,०००। | काजकिरिया खर्च |
| ३. | सानु श्रेष्ठ | १३७५ | ५,०००। | औषधि उपचार खर्च |
| ४. | लक्ष्मी बन्जारा | ६०२ | ७,०००। | औषधि उपचार खर्च |
| ५. | पुष्पराज शाक्य | ५०४ | ५,०००। | औषधि उपचार खच |
| ६. | नरेशबहादुर शाही | ७६४ | ५,०००। | औषधि उपचार खच |
| ७. | सीता महर्जन | १२७० | ५,०००। | औषधि उपचार खर्च |
| ८. | रीता महर्जन | १२७४ | २,०००। | औषधि उपचार खर्च |
| ९. | ईश्वरराज ढकाल | २७६ | ५,०००। | औषधि उपचार खर्च |
| १०. | पुनम भट्टराई | १५८१ | ५,०००। | औषधि उपचार खर्च |
| ११. | उत्सना पोखरेल | ११२ | १०,०००। | औषधि उपचार खर्च |
| १२. | रामप्रसाद तिवारी | ७२९ | ५,०००। | औषधि उपचार खर्च |
| १३. | सावित्री तिमल्सिना | २५३ | ५,०००। | औषधि उपचार खर्च |
| १४. | ललिता रिजाल | १३८६ | २,०००। | औषधि उपचार खर्च |
| १५. | मञ्जु वि.क. | १२४६ | २,०००। | औषधि उपचार खर्च |

## ११. सुत्केरी घिउ वितरण

यस संस्थाले सुरुवात गरेको **सुत्केरी घिउ** वितरण कार्यक्रमअन्तर्गत निम्न महिला सदस्यलाई वितरण गरिएको :

| क्र.स. | **नाम थर** | **सदस्य नं.** | **सुत्केरी भएको अस्पताल** | **परिणाम** |
|---|---|---|---|---|
| १. | पार्वती महत | ५१३ | पाटन अस्पताल | २ किलो घिउ |
| २. | सानु श्रेष्ठ | १३७५ | पाटन अस्पताल | २ किलो घिउ |
| ३. | शर्मिला गर्दाइली | १५१९ | पाटन अस्पताल | २ किलो घिउ |
| ४. | सुनिता श्रेष्ठ | ६११ | पाटन अस्पताल | २ किलो घिउ |
| ५. | दुर्गा घिमिरे | ८२३ | पाटन अस्पताल | २ किलो घिउ |
| ६. | लिमा भुजेल | १३६५ | बि एण्ड बि अस्पताल | २ किलो घिउ |
| ७. | जानुका भण्डारी | १३०५ | ओम अस्पताल | २ किलो घिउ |
| ८. | स्वस्तिका सुनुवार | १६२६ | किष्ट मेडिकल कलेज अस्पताल | २ किलो घिउ |

## १२. संस्थापक अध्यक्ष रामहरी बजगाई अक्षय कोष

संस्थापक अध्यक्ष रामहरी बजगाई अक्षय कोष मार्फत हाल सम्म सामुदायिक विद्यालयबाट माध्यामिक शिक्षा परिक्षा (SEE) उर्तिण निम्न सदस्य तथा सदस्यहरुका छोरा छोरीलाई नगद सहित सम्मान गरिएको ।

| क्र.सं. | पुरस्कृत छात्र/छात्रा | शेयर सदस्य (अभिभावक) | सदस्य नं. | रकम |
|---|---|---|---|---|
| १. | सबिना तिमल्सिना | बालकृष्ण तिमल्सिना/शारदा | ६७४/६७५ | रु.१५००० |
| २. | समुन्द्र तिमल्सिना | आफै | १६११ | रु.१५००० |
| ३. | रिनेश बन्जारा | आफै | ९७६ | रु.१५००० |
| ४. | एलिसा चौलागाई | गोपाल चौलागाई | २६० | रु.१५००० |

**शेयर सदस्य महानुभावहरू,**

अब म आव २०७५/०७६ मा यस संस्थाले लागू गर्ने नीति तथा कार्यक्रमहरू अनुमोदन तथा पारित गर्न यस सम्मानित सभासमक्ष पेस गर्दछु ।

## आर्थिक वर्ष २०७५/०७६ मा कार्यान्वयन गरिने प्रस्तावित नीति तथा कार्यक्रमहरू

**१.** शेयर तथा बचत जमानतमा सदस्यहरूलाई सुविधा कर्जा **७०,०००, ४५,००० र ३०,०००** दिइनेछ । जसमा कार्यालय व्यवस्थापन शुल्क लाग्नेछैन र ब्याजदर भने १५% कायम गरिएको छ। सेयर सदस्यहरूले सामूहिक जमानत कर्जा, धितो कर्जा, हायरपर्चेज कर्जा लिन पाउने व्यवस्था यथावत् राखिएको छ। सुविधा कर्जाभन्दा माथिको कर्जा लगानी गर्दा सुविधा कर्जाभन्दा माथिको कर्जाको मात्र कार्यालय व्यवस्थापन शुल्क लाग्नेछ ।

**२.** कुनै पनि सेयर सदस्यहरू अस्पताल भर्ना भई उपचार गराउनुपर्ने अवस्थामा बिरामीको स्थिति हेरी बढीमा रु. १,००,०००।- (अक्षरेपी रु. एक लाख रुपैया मात्र) सम्म स्वास्थ्य उपचार कर्जा उपलब्ध गराइनेछ । सो कर्जाको ब्याज १० प्रतिशत र भुक्तानी अवधि बढीमा २ वर्षको हुनेछ तर कार्यालय व्यवस्थापन शुल्क भने लाग्नेछैन ।

**३.** यस संस्थाका कुनै सेयर सदस्यको मृत्यु भएमा प्रतिभा सहानुभूति तथा स्वास्थ्य हित कोषमार्फत काजकरिया खर्च र औषधि उपचार खर्चबापतको रकम निम्नानुसारले दिइनेछ :

| क.स. | सेयर पुँजी | दिइने रकम |
|---|---|---|
| १. | १,०००–१०,०००।- | १०,०००।- |
| २. | १०,१००–२०,०००।- | १५,०००।- |
| ३. | २०,१००–५०,०००।- | ३०,०००।- |

- औषधि उपचार खर्च रोगको अवस्था हेरी बढीमा रु. १५,०००।०० सम्म प्रदान गरिनेछ ।

४. नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत युवा तथा साना व्यवसायी स्वरोजगार कोषको युवा स्वरोजगार कर्जालाई निरन्तरता दिन थप रकम माग गरिनेछ ।

५. लघुवित्त कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाई केन्द्रहरू थप निर्माण गरिनेछ ।

६. युवा पुस्तामा बढ्दै गएको कृषि, पशुपालनप्रतिको चाहना र हौसलाले संस्थाद्वारा सामूहिक रूपमा ग्रामीण क्षेत्रमा कृषि र पशुपालन कार्यक्रमलाई व्यापक रूपमा विस्तार गर्ने नीति लिइएको छ ।

७. संस्थाको कार्यक्षेत्रभित्र वर्षको एकपटक स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

८. महिला सदस्यहरू दुईपटकसम्म सुत्केरी भएमा मात्र २ किलो घिउ प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९. संस्थाले सदस्यता वृद्धि गर्न रु. ५००००, २००००, १००००, ५००० र १००० रकममा यस वर्ष २२०० जना नयाँ सदस्य पुऱ्याउने लक्ष्य लिएको छ, जसबाट संस्थाको कारोबारमा अभिवृद्धि हुनेछ। तर, अन्य उही प्रकृतिको संस्थामा रहेका सदस्यलाई दोहोरो सदस्यता दिइनेछैन ।

१०. संस्थाको संस्थागत विकास तथा अनुभव आदान प्रदान लागि उत्कृष्ट सहकारी संस्थाहरूको अवलोकन भ्रमणमा सञ्चालक समिति, लेखा समिति तथा उपसमितिका पदाधिकारी र संस्थाका कर्मचारीहरूलाई एकपटक सहभागी गराइनेछ ।

११. ६२औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा मिति २०७५ चैत्र १६ गते शनिबार ललितपुर मङ्गलबजारमा रक्तदान कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. ज्येष्ठ शेयर सदस्यहरुलाई धार्मिक स्थलको बर्षमा १ पटक तिर्थाटन गराइनेछ ।

१३. संस्थाको कारोबारमा भएको वृद्धिसँगै संस्थाको ढुकुटी, काउन्टर तथा बैंकमा रकम जम्मा गर्न जाँदा आउँदाको मार्गस्थ बिमा सम्बन्धमा नीति बनाई लागू गरिनेछ ।

१४. संस्थासँग नजिकको सम्बन्ध भएका र सम्बन्ध हुन सक्ने अन्य सहकारी संस्थाहरुसँग छलफल गरी एकीकरण गर्ने नीति लिइनेछ ।

१५. शारीरिक रूपमा अशक्त भएका सदस्यहरूलाई बचतको ब्याजमा १ प्रतिशत थप र कर्जा लगानीमा १ प्रतिशत कम ब्याज तथा कार्यालय व्यवस्थापन शुल्क नलाग्ने व्यवस्था गरिएको छ ।

१६. "एक सदस्य एक साथी" कार्यक्रम लागु गरि सदस्यता वृद्धि गरिनेछ ।

१७. एक आर्थिक वर्षमा सबै भन्दा धेरै सदस्य बनाउने २ जना सदस्यहरुलाई साधारण सभामा सम्मान गरिनेछ ।

१८. नयाँ बन्ने सदस्यहरूलाई वित्तिय साक्षरता तालिम संस्थाको तालिम हलमा निरन्तर दिइनेछ ।

१९. संस्थापक अध्यक्ष **"रामहरी बजगाई अक्षय कोष २०७२"** मार्फत छात्रवृत्ति निरन्तर वितरण गरिनेछ ।

२०. शेयर सदस्यहरूको फोटोसहितको परिचयपत्र निरन्तर वितरण गरिनेछ ।

२१. शेयर सदस्यहरूलाई नयाँ ढाँचामा तयार पारिएको सेयर प्रमाणपत्र निरन्तर वितरण गरिनेछ ।

२२. सदस्यहरुलाई नयाँ चेकबुक निरन्तर वितरण गरिनेछ ।

२३. बचत तथा ऋण लगानीको ब्याजदरमा समया अनुकूल परिर्वतन गरिनेछ ।

संस्था होस वा व्यक्ति मिहिनेतले आर्जन गरेर धेरै प्रगती/सम्पती कमाएका हुन्छन तथापी मानिसहरुको कमाउने तिर्खा कहिल्यै मेटीदैन र मानीसलाई कमाईरहन मन लाग्छ प्रगती सही मार्गबाट आर्जन गरेर सही मार्गमा उपयोग गर्न सक्यौ भने मात्र हाम्रो जिवन सार्थक र धन्य बन्दछ ।

मलाई लाग्छ हरेक कार्यलाई सफल बनाउन मिहिनेत साथै इमान्दारीता अति आवश्यक हुन्छ। इमान्दारीता कुनै वर्ग विशेषको पहिचान होइन न त धनी/गरिव सँगको सम्बन्ध नै हो यसलाई स्कुल वा कलेजमा पढाइदैन यो त

दैनिक जीवनमा हामीले गर्ने व्यवहारबाट स्वतःहृदयबाट प्रस्फुटित हुन्छ, संसरमा थुप्रै मानिसहरु जन्मेका छन, उनिहरु जानेर वा नजानेर दुई वटा गुणबाट प्रेरीत हुन्छन। कोही आफ्नै साथै अरुहरुको शुभचिन्तक हुन्छन्, कोही आफ्नो लागी मात्र चिन्ता गर्दछन, कोही बाँच्नका लागी खाने गर्छ कोही खानका लागी बाच्ने गर्दछन। कुनै पनि कार्य दुई प्रकारले सम्पन्न हुने गर्दछ एक करुणाबाट र अर्को अहम बाट दुवैले आफ्नो कार्य राम्रो सँग गर्दछ। अहंकारको यो सकारात्मक पक्ष हो यधपी करुणाबाट सम्पन्न भएको कार्यमा इमान्दारीसँगै रहेको हुन्छ। अहम्ले मिहिनेत गरेर कार्य सम्पन्नता गर्दछ तर इमान्दारीता अनिवार्य हुदैन किनभने अहंकारले हरेक कुरालाई नियन्त्रण गर्न खोज्न जसले गर्दा हरेक कार्यलाई पर्दा राख्नुपर्ने हुन्छ। पारदशीता हुदैन करुणा आफै एउटा बत्ति हो त्यसैले पर्दा लागेको छ भने पनी करुणाको अगाडी हट्दै जान्छ यहि सकारात्मक र नकारात्मक को दुई गुण बाट संसार चलिरहेको छ। यसलाई हामीले होस पुऱ्याएर कार्यगर्न सक्यौ भने मात्र हामी इमान्दारी र अनुशासीत बन्न सक्छौ। तपाईहरुले हामीलाई अपूर्व विश्वाश दिनुभएको छ। त्यस विश्वाशलाई इमान्दारी पूर्वक आँच नआउनका लागी हामी सदैव सचेत छौ। यहाँहरुले जुन विश्वाश हामीलाई दिनुभएको छ निश्चय पनि यो अविश्वासनिय तर सत्य हो। यहाँहरुले गर्नुभएको विश्वास प्रति हामीले दुई शब्द कृतज्ञ र धन्यवाद व्यक्त गर्दैमा पुग्दछ भन्ने मलाई लाग्दैन यहाँहरुले पाउने सेवामा सहजता बचतको सुरक्षा, व्यवसायमा लगानीको सहज पहुँच र समुदायमा सामाजिक आर्थिक र साँस्कृतिक लगायतका गतिविधिहरुमा संस्थाबाट योगदानहुन सक्यो भने मात्र तपाईहरुलाई कृतज्ञता र धन्यवाद व्यक्त गरेको सार्थक हुन्छ भन्ने विश्वास मैले लिएको छु।

अर्थतन्त्रको क्षेत्रमा सहकारीले महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ भन्ने तथ्य हाल देशमा सञ्चालित सहकारी संस्थाहरूले प्रमाणित गरिसकेको अवस्थामा सहकारीलाई सङ्कुचित नगरी सरकार अगाडि बढ्नुपर्ने आजको आवश्यकता बनिसकेको पनि सम्बन्धित सरोकारवालाहरूको ध्यानाकर्षण गराउन चाहन्छु।

समाजबाट गरिबी, पछ्यौटेपन र विपन्नतालाई निर्मूल पार्न र नयाँ परिवेशमा नयाँ उत्साहका साथ **"समृद्ध नेपाल सुखी नेपाली"** अभियानमा लाग्न सम्पूर्ण सदस्य महानुभावलाई आग्रह गर्दै संस्थालाई निरन्तर अघि बढाउन तपाईंहरूको

अमूल्य सल्लाह, सुझाव र हौसला पाइरहने विश्वास लिएको छु। अबका दिनमा राजनीतिक स्थिरता कायम भई आर्थिक क्रान्तिको बाटोमा देश र समाज अघि बढ्छ भन्ने विस्वास लिएको छु ।

अन्त्यमा, यदि संस्था सञ्चालनमा केही कमीकमजोरी भएको भए कमजोरिप्रति आत्मआलोचना गर्दै संस्था अगाडि बढाउन सहयोग गर्नुहुने सम्पूर्ण सेयर सदस्य तथा शुभचिन्तकप्रति धन्यवाद व्यक्त गर्दै यस गरिमामय सभामा उपस्थित भएर शोभा बढाउनुका साथै आफ्नो अमूल्य समय दिई विचार व्यक्त गर्नुहुने आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यू र पत्रकार ज्यूहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

*धन्यवाद ॥*

जय सहकारी । जय प्रतिभा ॥

मिति : २०७५/०८/०८
सञ्चालक समितिका तर्फबाट
साझा पार्टी प्यालेस लगनखेल, ललितपुर

रामहरि बजगाईं
अध्यक्ष

## प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको
## १२औं वार्षिक साधारण सभामा
### लेखा तथा सुपरीवेक्षण समितिका तर्फबाट प्रस्तुत प्रतिवेदन-२०७५

साधारण सभाको सभापतित्व गरिरहनुभएका संस्थाका अध्यक्षज्यू, संस्थाको निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू तथा अतिथिज्यूहरू, सञ्चालक समितिका पदाधिकारी तथा सञ्चालक सदस्यज्यूहरू, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरू, सम्पूर्ण सेयर सदस्यहरू, कर्मचारीज्यूहरू, लेखासमितिका सहकर्मी मित्रहरू सबैमा न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु ।

यस गरिमामय १२औं साधारण सभाको अवसरमा लेखा तथा सुपरीवेक्षण समितिको तर्फबाट प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आव २०७४/०७५ को प्रतिवेदन प्रस्तुत गर्ने अवसर प्राप्त भएकामा सभामा उपस्थित सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस सहकारी संस्था लिमिटेडले १२औं वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको छ । यस अवस्थासम्म आइपुग्दा संस्थाले प्रशस्त संस्थागत विकासका पाठहरू सिक्दै अघि बढ्ने अभ्यास गरेको कुरा सम्पूर्ण सेयर सदस्य महानुभावहरूमा छर्लङ्ग छ ।

**आदरणीय सेयर सदस्य महानुभावहरू,**

आव २०७४/०७५ मा संस्थाले गरेका काम कारबाहीको सङ्क्षिप्त गतिविधिहरू २०६८ वैशाख देखि सहकारी विभागबाट जारी भएको सहकारी सङ्घ/संस्था दर्ता, सञ्चालन, लेखा परीक्षण, अनुगमन तथा नियमसम्बन्धी मापदण्ड, २०६८ को अनुसूची-२ (दफा ११ (४) सँग सम्बन्धित)को ढाँचा बमोजिम प्रस्तुत गर्न चाहन्छु।

**१. ११औं वार्षिक साधारण सभाका निर्णयहरूको कार्यान्वयनको अवस्था**

आर्थिक वर्ष २०७४/०७५ मा अवलम्बन गरिएका नीति तथा कार्यान्वयनको अवस्था निम्नानुसार पाइयो :

| क्र.स. | कार्यक्रमहरु | २०७४/२०७५ |
|---|---|---|
| १. | साधारण बचत, नियमित बचत, विशेष बचत | सम्पन्न गरिएको |
| २. | सुविधा ऋण,सामूहिक ऋण, धितो ऋण र शैक्षिक ऋण प्रवाह गर्दै गरेको | सम्पन्न गरिएको |
| ३. | संस्थापक अध्यक्ष रामहरि बजगाईं छात्रवृत्ति कार्यक्रम | सम्पन्न गरिएको |
| ४. | सहकारी अभिमुखीकरण तालिम | सम्पन्न गरिएको |
| ५. | प्रतिभा सहानुभूति तथा हितकोष व्यवस्था | प्रयोगमा ल्याएको |
| ६. | सेयर सदस्यको असामयिक निधन हुन गएमा रू. १००००। देखि ३००००। सम्म काजकिरिया खर्च पाउने व्यवस्था | प्रदान गरिएको |
| ७. | उत्कृष्ट कारोबार गर्ने सेयर सदस्यलाई पुरस्कार वितरण (बचत तथा ऋणतर्फ ) | सम्पन्न गरिएको |
| ८. | ज्येष्ठ नागरिक सम्मानको व्यवस्था | व्यवस्था गरिएको |
| ९. | विभिन्न नयाँ तथा प्रभावकारी बचत तथा कर्जा कार्यक्रम सञ्चालन गरी लक्ष्य अनुसारको पुँजी सङ्कलन तथा कर्जा लगानी एवं असुली गर्न तीव्र प्रयास गरिनेछ। | प्रयासरत रहेको |
| १०. | स्वास्थ्य शिविर, सेयर सदस्य तथा दुर्गम सेवा क्षेत्र लक्षित कार्यक्रम | प्रयासरत रहेको |
| ११. | सुत्केरीलाई घिउ वितरण कार्यक्रम | सम्पन्न गरिएको |
| १२. | सदस्य परिचयपत्र वितरण | वितरण गरिएको |
| १३. | ज्येष्ठ नागरिक तीर्थाटन कार्यक्रम | सम्पन्न गरिएको |
| १४. | स्मारिका प्रकाशन २०७५ | सम्पन्न गरिएको |
| १५. | ढुकुटी तथा नगद बिमा | प्रयासरत रहेको |
| १६. | व्यावसायिक रणनीतिक योजना परिमार्जन | सम्पन्न गरिएको |
| १७. | रक्तदान कार्यक्रम | सम्पन्न गरिएको |
| १८. | शारीरिक रूपमा अशक्त सदस्यहरूलाई प्रोत्साहन | प्रयासरत रहेको |
| १९. | बचत तथा ऋण लगानीका ब्याजदरमा परिवर्तन | परिवर्तन गरिएको |

## २. आव २०७४/०७५ मा बसेको बैठक संख्या, निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्था

आव २०७४/७५ मा सञ्चालक समितिको बैठक १२ पटक तथा लेखा सुपरीवेक्षण समितिको बैठक ५ पटक बसेको थियो। सञ्चालक समितिको बैठकका निर्णयहरूलाई कार्यान्वयनमा ल्याइएको र नीतिहरूलाई अझ प्रभावकारी बनाउन व्यावहारिक, व्यवस्थित र समयानुकूल बनाई पारदर्शी रूपमा कार्यान्वयन गर्ने प्रयास गरिएको तथा अभिलेखीकरणमा थप सुधार भएको देखिन्छ।

| क.सं. | समिति/उपसमिति | बैठक संख्या |
|---|---|---|
| १ | सञ्चालक समिति नियमीत तथा संयुक्त | १२ पटक ३ पटक |
| २ | लेखा तथा सुपरिवेक्षण समिति | ५ पटक |
| ३ | ऋण उप समिति | २७ पटक |
| ४ | शिक्षा उप समिति | ४ पटक |
| ५ | महिला उप समिति | २ पटक |
| ६ | युवा उप समिति | २ पटक |
| ७ | अनुगमन तथा मूल्याङकन उप-समिति | ३ पटक |
| ८ | स्वास्थ्य हितकोष उपसमिति | ७ पटक |
| ९ | छात्रवृति वितरण उपसमिति | ३ पटक |

## ३. ऋण लगानीको प्रक्रिया, ऋणबापतको सुरक्षण वा धितोसम्बन्धी व्यवस्था

### (क) ऋण लगानीको प्रक्रिया र ऋणबापतको सुरक्षण

संस्थाले विभिन्न शीर्षकमा कर्जा लगानी गर्ने गरेको छ । संस्थाको कर्जा लगानी तथा असुली नीतिअनुसार आवश्यक कागजात पूरा गरी आवेदन फारम भरे पश्चात् सुविधा कर्जा लगानी गर्न कार्यालयका कर्मचारीलाई अधिकार दिइएको छ । सुविधा कर्जा भन्दा बाहेकका सम्पूर्ण लगानीमा धितो सुरक्षणको व्यवस्था धितो लिई रोक्का तथा दृष्टिबन्धक गरी ऋण प्रवाह गरेको पाइयो ।

## ४. सहकारी विभागबाट जारी गरिएका मापदण्ड पालनासम्बन्धी सङ्क्षिप्त विवरण

सहकारी ऐन २०७४, सम्पत्ति शुद्धीकरण ऐन २०७४ तथा २०६८मा सहकारी विभागबाट जारी भएको सहकारी सङ्घ/संस्था दर्ता, सञ्चालन, लेखा परीक्षण, अनुगमन तथा नियमनसम्बन्धी मापदण्ड, २०६८ लाई पालना गर्दै सहकारीले आफ्ना गतिविधिहरू गर्दै आएको पाइयो ।

## ५. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण

### ६.१ पारिश्रमिक

संस्थाका कर्मचारीहरूलाई कर्मचारी विनियमको दायराभित्र रही पारिश्रमिक उपलब्ध गराइएको पाइयो ।

### ६.२ अन्य सुविधाहरू :

सञ्चालक समितिलाई बैठक भत्ताबापत रु.५८८।- प्रदान गरिएको पाइयो ।

**७. कर्मचारी सम्बन्धी व्यवस्थाहरू**

संस्थाका कर्मचारीहरू र कार्यबोझबीच तादम्यता रहेको पाइयो । संस्थामा हाल चार जना कर्मचारीहरू कार्यरत छन् ।

**८. लेखा समितिले यसअघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था**

लेखा समितिद्वारा दिइएका सुझावहरूलाई सञ्चालक समितिले अध्ययन गरी योजनासहित कार्यान्वयन गर्दै आएको देखिन्छ ।

**९. आव २०७४/०७५ मा संस्थाले गरेको काम कारबाहीहरूको सङ्क्षिप्त गतिविधिहरू**

९.१ यस संस्थाको यस आवको कारोबार २९।८८ प्रतिशतले वृद्धि भई कुल कारोबार रु. २६९,०३३,४७३।५५ पुगेको छ ।

९.२ संस्थाको कर्जा लगानीतर्फ यस आवमा गत वर्षको तुलनामा २५।२२ प्रतिशतले वृद्धि भई रु. १६,३२,३८,२४१।१० पुगेको छ ।

९.३ त्यसैगरी, यस आवमा संस्थाको बचत प्राप्तितर्फ गत वर्षको तुलनामा ३२।०८ प्रतिशतले वृद्धि भई रु.१८,८४,९३,४९९.०२ पुगेको छ ।

९.४ संस्थाको कारोबारमा वृद्धिसँगै आम्दानीतर्फ पनि उल्लेख्य वृद्धि भएको देखिन्छ । यस आवमा संस्थाले आम्दानीमा गत वर्षको तुलनामा ४०।७८ प्रतिशतले वृद्धि गरी कुल आम्दानी रु.३,००,३५,२८७.९३ पुगेको छ ।

९.५ त्यसैगरी, ब्याज खर्चतर्फ गत वर्ष ४६।८३ प्रतिशतले वृद्धि भई कुल रु.२,३२,४२,४८९.८५ भएको छ ।

९.६ कार्यालय सञ्चालन खर्च गत वर्षको तुलनामा २१।६२ प्रतिशतले वृद्धि भई यस वर्ष रु. ५१,३७,०२०.१५ रहेको देखिन्छ ।

९.७ संस्थाको कुल सम्पत्तिमा कर्जा लगानीको हिस्सा ६७।७२ प्रतिशत देखिन्छ भने बचतको हिस्सा ७८।२० प्रतिशत रहेको छ ।

**१०. लेखा समितिको टिप्पणी तथा सुझावहरू**

यस आवमा संस्थाको आन्तरिक लेखा परीक्षण, लेखा तथा सुपरीवेक्षण समितिद्वारा दिइएका सुझावहरूको सन्दर्भमा संस्थाले ती सुझावलाई

अध्ययन गरी कार्यान्वयन गर्दै आएको जानकारी यस साधारण सभासमक्ष अवगत गराउन चाहन्छु । लेखा तथा सुपरीवेक्षण समितिले औंल्याएका केही सुझाव तथा टिप्पणीहरूमध्ये केही बुँदाहरू निम्नानुसार रहेका छन् :

१०.१ संस्थाको सम्पूर्ण हिसाब किताब कम्प्युटर प्रणालीमा राखिएको छ । ऋण तथा बचतकर्ताहरूको व्यक्तिगत खाताहरूमा लिने तथा दिने ब्याजको गणना ठीकसँग भए/नभएको सम्बन्धमा नमुना परीक्षण गर्दा तोकिएको दरमा ब्याज लेखाङ्कन गरिएको र ब्याज हिसाब गर्दा ३६५ दिन वार्षिक गणनाका आधारमा राखिएको देखिएको छ ।

१०.२ कर्मचारीहरूको मासिक तलब भुक्तानी गर्दा कुल तलब खर्चबाट १ प्रतिशत सामाजिक सुरक्षण करकट्टा गरेको देखियो ।

१०.३ सञ्चालक समितिको बैठक भत्तालाई आयकर ऐनअनुसार कर कट्टी गरेको देखिन्छ ।

१०.४ आव २०७४/०७५ मा प्रवाह भएको ऋण फाइलहरूको परीक्षण गर्दा समग्रमा ऋण प्रवाहका लागि आन्तरिक नियन्त्रण प्रणाली सबल हुँदै गएको देखिएको छ । प्रवाहित सबै कर्जाहरू ऋण उपसमितिबाट पास भएको देखिन्छ । रु. ५ लाख वा सोभन्दा माथि प्रवाह भएका कर्जा सञ्चालक समितिबाट अनुमोदन भएको देखिएको छ भने धितो मूल्याङ्कन, मूल्याङ्कन कर्ताबाट हुनुपर्ने देखिन्छ ।

१०.५ गत आर्थिक वर्षको आन्तरिक लेखापरीक्षणमा प्राप्त भएका सुझावहरू कार्यान्वयनका लागि व्यवस्थापनबाट कार्ययोजना तय भएको देखियो ।

१०.६ संस्थाको दीर्घकालीन हित लाई ध्यानमा राखी ऋणहरूको क्रमशः मासिक साँवा ब्याज तिर्दै किस्ताबन्दीमा लैजानेतर्फ वृद्धि गर्दै लानुपर्ने देखिन्छ ।

१०.७ सम्पत्ति शुद्धीकरण सम्बन्धी सहकारी विभागबाट जारी निर्देशिका बमोजिम संस्थाले कार्य गरिरहेको हुँदा सदस्य पहिचान फारम (KYM) भराउनुपर्ने देखिन्छ ।

१०.८ कम्प्युटर प्रणालीमा मूलतः व्यक्तिगत खाताहरूको हिसाब कम्प्युटर प्रणालीमा राखिएको र अन्य सम्पत्ति दायित्वहरू चार खातामा आधारित रहेको छ । चार खाताहरूको सब्सी डायरी खाताहरू पनि राखिएको

छ । कम्प्युटर प्रणालीमा दैनिक कारोबारहरूको अभिलेखीकरण भए पनि मूलभूत रूपमा हस्तलिखित चार खाताहरूको आधारमा नै वित्तीय विवरण तयार गर्नुपर्ने अवस्था रहेको छ । यसबाट लेखा अभिलेख कम्प्युटर तथा हस्तलिखित दुवै प्रणालीमा रहेको देखिन्छ । कम्प्युटर प्रणालीको लेखावट देहाएका प्रतिवेदनहरू नियमित उपलब्ध हुने व्यवस्था मिलाउन सकेमा लेखा अभिलेखमा दोहोरोपना कम गर्न सकिने देखिएको छ ।

**अन्त्यमा,**

यस साधारण सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएका प्रमुख अतिथि, विशेष अतिथि, अतिथि, सम्पूर्ण सेयर सदस्यहरू तथा उपस्थित महानुभावहरूमा हार्दिक आभार व्यक्त गर्दछु । संस्थाको निरन्तर प्रगतिका निम्ति मन, वचन र कर्मले निरन्तर लगनशील रहको नेतृत्व, सेयर सदस्यहरूको न्यायो माया, इमानदार कर्मचारी, संस्थाका शुभचिन्तकहरूको निरन्तर सहयोग, सद्भाव र सुझाव आगामी दिनहरूमा पनि निरन्तर रहिरहनेछ भन्ने आशा गर्दछु । लेखा तथा सुपरीवेक्षण समितिलाई निरन्तर सहयोग पुऱ्याउने सञ्चालक समिति, सेयरधनी महानुभावहरू, कर्मचारी तथा लेखा समितिका सदस्यहरूलगायत सम्पूर्णमा हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछु ।

जय सहकारी !

जय प्रतिभा !!

संयोजक : सचितानन्द घिमिरे

सदस्य : दीपेश्वरी बजगाईं

सदस्य : मिठाराम जमरकटेल

# प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको
# १२औं वार्षिक साधारण सभामा
## कोषाध्यक्षको तर्फबाट प्रस्तुत प्रतिवेदन-२०७५

प्रतिभा बचत तथा ऋण सहकारी संस्थाको आव २०७४/०७५ को समग्र आर्थिक विवरणसहितको कोषाध्यक्षको तर्फबाट तयार गरिएको प्रतिवेदन आज १२औं वार्षिक साधारण सभाको अवसरमा संस्थामा भएको कारोबारको आ.व. २०७४/०७५ को वास्तविक आयव्यय तथा चालू आ.व.२०७५/०७६ का लागि सञ्चालक समितिबाट पारित अनुमानित आयव्यय विवरण प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ ।

गाउँदेखि सहरसम्म छरिएर रहेको ससाना पुँजीलाई समुदायमा आधारित सहकारीको माध्यमबाट सदस्यहरूलाई एकीकृत गर्दै बचत गर्ने बानी विकास गराउन तथा सङ्कलित पुँजीलाई स्थानीय आवश्यकताअनुसार आफ्नै सदस्यमा लगानी गरी उत्पादनमुखी बनाउने अभिप्रायले सहकारी ऐन २०४८ अनुसार यस संस्था स्थापना भएको हो । यसले एक अर्कालाई चिन्ने र सहकार्य गर्ने साझा थलो (प्रतिभा साकोस) निर्माण गरेको छ। संस्थालाई फलाउन, फुलाउन तथा समृद्ध बनाउन तपाईं सेयर सदस्यहरूको मायाममता आवश्यक पर्दछ । संस्थालाई आर्थिक रूपमा समृद्ध बनाउन र पुँजी निर्माण गर्न यहाँहरूको साथ, सहयोग र सद्भावको संस्थाले सदैव अपेक्षा गर्दछ ।

प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. १२औं वर्ष पार गरी १३ औं वर्षमा प्रवेश गरेको यस अवसरमा सम्पूर्ण सदस्यहरूमा हार्दिक आभार प्रकट गर्दछु । साधारण सभाको यस अवसरमा धेरै आरोह अवरोहहरू पार गरी यस अवस्थासम्म आइपुगेको बेहोरा सेयर सदस्य महानुभावहरूमा सर्वविदितै छ । यस प्रतिभा साकोसले पनि ललितपुरका अति दुर्गम क्षेत्रमा सेवा दिँदै आएको र संस्थाको कारोबार नियमित गर्ने, संस्थामा सम्पर्क समन्वय, आवश्यक सरसल्लाह दिनुहुने तपाईं सदस्यहरूप्रति संस्थाको कोषाध्यक्षको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

सहकारी संस्था सहकार्यको प्रतीक हो । अन्य वित्तीय संस्थाहरूमा खाता खोली आर्थिक कारोबार गरी रहनुभएका सेयर सदस्य महानुभावहरू यस संस्थालाई आफ्नै संस्था सम्झी यसै संस्थाबाट आर्थिक काराबार गरि दिनुहुन समेत विशेष आग्रह गर्दछु । संस्था सञ्चालनका क्रममा सकारात्मक सोचसाथ तत्कालीन परिस्थितिमा गरिएका निर्णय बदलिँदो परिस्थितिमा कम प्रभावकारी देखिएका पनि हुन सक्छन् । त्यस्ता निर्णयलाई समय सापेक्ष परि वर्तन गर्दै संस्था अगाडि बढिरहेको बेहोरासमेत सम्पूर्ण सेयर सदस्यज्यूहरूलाई जानकारी गराउँदछु ।

**संस्थाका आर्थिक नीति तथा कार्यक्रमहरू**

१. कर्जा असुली कार्यलाई मासिक रूपमा वैज्ञानिक ढंगले निर्धारण गरी आर्थिक वर्षको अन्त्यमा पर्ने गरेको चापलाई न्यूनीकरण गरिनेछ ।
२. सदस्यको परियोजना विश्लेषणका आधारमा मात्र ऋण लगानी गरिनेछ ।
३. तरलता व्यवस्थापनलाई मध्यनजर गरी सेयर सदस्यका लागि राहत र सहयोग कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
४. सदस्यलाई उत्पादनमूलक क्षेत्रमा लगानीका लागि प्रोत्साहन गरिनेछ ।
५. आर्थिक अनुशासन पालना गरी/गराई खुद नाफाको दरलाई वृद्धि गरिनेछ ।
६. संस्थाको वार्षिक खर्चमा आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुद बनाउने तथा कार्यक्रम र उद्देश्यमा आधारित खर्च प्रणालीलाई थप सुदृढ पारिनेछ ।
७. वार्षिक नीति तथा कार्यक्रम निर्माणमा समस्त सरोकारवालाहरूको सहभागितालाई प्रोत्साहन गरिनेछ ।
८. संस्थाको आर्थिक प्रशासन नियमावलीभित्र रही सम्पत्ति तथा सामान खरिद गरिनेछ ।
९. नेपाल सरकार सहकारी विभागबाट जारी भएका ऐन, नियम, नीति निर्देशनको पालना र कार्यान्वयन गरिनेछ ।

यस गरिमामय साधारण सभाका बीचमा म आव २०७४/०७५ मा भएको वित्तीय गतिविधिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. शेयर पुँजी**

संस्थाको सेयर पुँजीगत आवको भन्दा ४.४८ % ले वृद्धि भई यस आवमा

रु. ३३,६६९,९००।००। पुगेको छ ।

## २. बचत हिसाब

संस्थाले सञ्चालनमा ल्याएका विभिन्न प्रकारका बचत योजनाहरूमा गत वर्षको बचतमा भन्दा ३२.०८% ले वृद्धि भई रु. १८८,४९३,४९९।०२ पुगेको छ ।

## ३. बाह्य ऋण

संस्थाले नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत युवा स्वरोजगार कर्जा रु. ६,९६२,५००।०० मात्र बाह्य ऋण चुक्ता गर्न बाँकी रहेको छ ।

## ४. ऋण लगानी

संस्थाबाट प्रवाह हुने विभिन्न शीर्षकका कर्जामा गत आवको भन्दा २५.२२% ले वृद्धि भई रु. १६३,२३८,२४१।१० पुगेको छ ।

## ५. भाका नाघेको ऋण असुली

यस आवमा लामो समयदेखि ऋणको भाखा नाघेका ऋणी सदस्यहरूलाई ताकेता गरी साँवा तथा ब्याज असुल गर्न सफल भएको छ। साथै संस्थाको सम्पर्कमा नआउने सात जना सदस्यहरूको सेयर तथा बचतलाई ऋणमा मिलान गरिएको छ ।

## ६. तरलता अनुपात

संस्थाको बैंक तथा नगद मौज्दात यस आवको अन्त्यमा रु. ७२५६९१००।३९ रहेको छ ।

**अध्यक्ष महोदय,**

अब म यस गरिमामय सभासमक्ष गत आव २०७४/०७५ को उपलब्धि विवरण तथा आगामी आव २०७५/०७६ का लागि अनुमानित बजेट पेस गर्ने अनुमति चाहन्छु ।

| क्र.सं. | आय विवरण | २०७४/०७५को अनुमानित वजेट | २०७३/०७४ को यर्थाथ | उपलव्धी प्रतिशतमा |
|---|---|---|---|---|
| १ | शेयर पूंजी प्राप्त | २,७२०,०००।०० | १,९३३,०००।०० | (२८।९३ |
| २ | वचत प्राप्त | ६३१,५००,०००।०० | ५४४,९८७,२११।३७ | (१३।७० |
| ३ | सस्थागत सापटी प्राप्त | ५,२५०,०००।०० | ५,२५०,०००।०० | ०।०० |
| ४ | कर्जा असूली | १३५,०००,०००।०० | १६३,८१७,१६६।९० | २१।३५ |
| ५ | सेवा शूल्क | १४०,०००।०० | ७६,२००।०० | (४५।५७ |

| | | | | |
|---|---|---|---|---|
| ६ | प्रवेश शूल्क | ३५,०००।०० | २०,२००।०० | (४२।२९ |
| ७ | प्रशासनिक शूल्क | १,६२५,०००।०० | १,६६९,०८८।०० | २।७१ |
| ८ | जरिवाना प्राप्त | १७,५००।०० | १५,०९०।०० | (१३।७७ |
| ९ | स्वरोजगार सेवा शूल्क | २,६००।०० | २,२००।०० | (१५।३८ |
| १० | ब्याज आम्दानी | २५,४००,०००।०० | २८,२५२,५०९।९३ | ११।२३ |
